# ताराखोला गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय,

## अर्गल, बागलुङ

**निकासीकर र पर्यटन शुल्क संकलन सम्बन्धी**
**गोप्य शिलबन्दी दरभाउपत्र आव्हानको सूचना**
**प्रथम पटक प्रकाशित २०७६।०३।२३**

स्थानीय सरकार संचालन ऐन २०७४ को प्रावधान (दफा ११ र ६४) एवं ताराखोला गाउँपालिका, गाउँ कार्यपालिकाको निर्णय बमोजिम आ.व. २०७६।०७७ को लागि यस कार्यालयले तोकेको दररेटको आधारमा बार्षिक न्यूनतम रकमबाट बढाबढ हुने गरी तारखोला गाउँपालिका क्षेत्र अनर्तगत पर्ने देहायका शीर्षकहरुमा ठेक्का वन्दोवस्त गर्नुपर्ने भएकोले यस सम्बन्धी कार्यको ठेक्का लिन चाहने व्यक्ति, फर्म वा कम्पनीहरुबाट निम्म लिखित शर्तको अधिनमा रहि आफ्नो फर्म नवीकरण भएको प्रमाणपत्र, मु.अ.कर दर्ता प्रमाणपत्र तथा आर्थिक वर्ष ०७४।०७५ को कर चूक्ताको प्रमाणित प्रतिलिपिहरु पेश गरी रितपुर्वकको गोप्य शिलबन्दी आव्हान गरिएको छ ।

निकासा कर संकलन

| ठेक्का न. | विवरण | न्यूनतम अंक (कर बाहेक) | दरभाउपत्र फारम दस्तुर | धरौटी रकम | बोलपत्र खरिद गर्ने अविधि |
|---|---|---|---|---|---|
| ०८/०७५।०७६ | गाउँपालिका क्षेत्रबाट अन्य स्थानमा निकासा गरिने वस्तु हरुको निकासी कर | ९०००००।- नौलाख मात्र | १०००।– | कबोल अंङ्कको ५ प्रतिशत | सात दिन भित्र |
| ०९/०७५।०७६ | वडा नं.३ मा रहेको गाईघाट झरना | ५००००।- | १०००।- | कवोल अंङ्कको ५ प्रतिशत | सात दिन भित्र |

**दरभाउपत्र सम्बन्धी शर्तहरु**

१. उल्लेखित ठेक्काहरुको अलग-अलग सिलबन्दी गरी बोलपत्र दर्ता गर्नुपर्नेछ ।
२. बोलपत्र फाराम सूचना प्रकाशित भएको मितिले ७ दिन सम्म कार्यालय समय भित्र तोकिएको दस्तुर तिरि या प्रभु बैक घुस्मेली शाखा बागलुङ मा रहेको यस कार्यालयको संचित कोष खाता नं. १९३००२०१०९८५१००००००५मा रकम जम्मा गरी भौचर पेश गरी कार्यालयको राजस्व



राम प्रसाद शर्मा
प्रमुख प्रशासकीय अधिकृत

शाखाबाट खरिद गर्न सकिनेछ । यस कार्यालय बाट खरिद भएका दरभाउपत्र फारामहरु भरी सिलबन्दी गरी ८औ दिनका १२;००बजेसम्म यस कार्यालयमा दर्ता गर्नु पर्ने छ । दर्ता हुन आएका दरभाउपत्र सोही दिनको २;०० बजे यस कार्यालयमा दरभाउपत्र दाताहरु समेतको रोहवरमा खोलिनेछ । दरभाउपत्रदाता उपस्थित नभएमा पनि दरभाउपत्र खोल्न कुनै वाधा पर्ने छैन । दरभाउपत्र खरिद गर्ने तथा दर्ता गर्ने र खोल्ने दिन विदा परेमा सो पछि लगतै कार्यालय खुलेको दिन सोहि समयमा उल्लेखित कार्यहरु हुनेछन् ।

३. दरभाउपत्र फारम खरिद गर्दा निवेदन सहित फर्म वा कम्पनीहरुले व्यवसाय दर्ता प्रमाण पत्र र स्थायी लेखा नम्बर मु.अ.करको प्रमाण पत्र तथा आर्थिक वर्ष ०७४।०७५ को कर चुक्ताको प्रमाणित प्रतिलिपि पेश गर्नुपर्नेछ ।

४. दरभाउपत्र फारम भरी पेश गर्दा आफुले कवुल गरेको रकम अंक र अक्षरमा प्रस्टसंग लेखी कवोल अंकको कम्तिमा ५ (पाँच प्रतिशत) ले हुन आउने धरौटी रकम यस कार्यालयको प्रभु बैक घुस्मेली बागलुङ स्थित धरौटी खाता नं.१९३००२०१०९८५१००००००८ मा रकम जम्मा गरेको सक्कल बैक भौचर दरभाउपत्र साथ पेश गर्नुपर्नेछ । कवोल गरेको रकमको अंक र अक्षरमा फरक पर्न गएमा अक्षरमा लेखिएको रकमलाई मान्यता दिईनेछ ।

५.यस पुर्व यस कार्यालायबाट कुनै पनि कार्यको ठेक्का लिई रकम फरफारक नभएको ठेकेदारबाट पेश भएको दरभाउपत्र मान्यता दिईने छैन, तर दरभाउपत्र पेश गर्नु भन्दा पहिले फरफारक गरेमा दरभाउपत्र पेश गर्न कुनै बाधा पर्नेछैन ।

६. कुनै शर्त राखी पेश गरेको, हुलाक मार्फत पठाएको र रित नपुगेको दरभाउपत्र माथी कुनै कारवाही गरिने छैन ।

७. पेश भएका दरभाउपत्र स्वीकृत गर्ने वा अस्वीकृत गर्ने सम्पुर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

८. दरभाउपत्र खाम बाहिर कार्यालयको नाम, ठेगाना र दरभाउदाताको नाम ठेगाना, सम्पर्क नम्बर स्पष्ट लेख्नुपर्नेछ ।

९. कर अशुल गर्दा गाउँपालिकाले तोकिएको दररेटमा मात्र कर अशुली गर्नु पर्नेछ ।

१०. विस्तृत जानकारीका लागि कार्यालय समय भित्र यस कार्यालयको फोन न. ९८५७६२४५४१ मा सम्पर्क गर्न सकिनेछ ।

राम प्रसाद शर्मा
प्रमुख प्रशासकीय अधिकृत

राम प्रसाद शर्मा
प्रमुख प्रशासकीय अधिकृत